नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
( अनुमतिपत्र महाशाखा )

४५३४११९
४५११५३७
फोन नं.: ४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं,

पत्र संख्या :- ०८२/८३
चलानी नं.:- १२४४

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग २०५०

मिति: २०८२/१०/२७

**विषय:** विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री दुर्गा लक्ष्मी इनर्जी प्रा. लि.
टोखा-७, काठमाडौं, नेपाल ।
फो नं.: ९८४१८५७९१६, ०१५९०१३७१

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित तल्लो म्याग्दी खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन)को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु सात (७) दिनको समयावधी भित्र पेश गर्नु हुन मिति २०८२/१०/२६को निर्णयानुसार जानकारी गराइन्छ ।

१. डेक्स अध्ययन प्रतिवेदनमा उल्लेख भएको संरचनाको स्थान अनुरुपको आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरुप (टोपो) नक्शा । (दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
२. हाल प्रतिलिपि मात्र पेश भएको हुँदा संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामाको प्रमाणित प्रतिलिपि र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र ।
३. हाल पेश भएको नेट वर्थ तयार गर्न प्रयोग भएको लेखा परिक्षणको वित्तिय विवरणको प्रमाणित प्रतिलिपि ।
४. हाल पेश भए भन्दा फरक पर्ने भएमा विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
५. हाल पेश भए भन्दा फरक पर्ने भएमा नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।

(डा. आस्था भट्ट)
इन्जिनियर